# तेश्रो दीक्षान्त समारोह (२०७९) मा भाग लिन
# Online आवदेन फाराम भर्ने सम्बन्धी सूचना

मिति : २०७९।११।३०

कृषि तथा वन विज्ञान विश्वविद्यालयद्वारा वि.सं. २०७९ साल चैत्र १६ गते तदनुसार March 30, 2023 मा आयोजना गरिने तेश्रो दीक्षान्त समारोहमा भाग लिन यस विश्वविद्यालयबाट स्नातक, स्नातकोत्तर र विद्यावारिधि (Degree by Course & Research) तह उत्तीर्ण गरी २०७७ साल चैत्र ७ गते देखि २०७९ साल चैत्र ६ गते तदनुसार March 20, 2021 देखि March 20, 2023 सम्ममा ट्रान्सक्रिप्ट लिएका विद्यार्थीहरु र सोही अवधि भित्र विद्यावारिधि (Degree by Research) तह पूरा गरेका विद्यार्थीहरुले कृषि तथा वन विज्ञान विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालयको Website https://exam.afu.edu.np मार्फत Online आवेदन फाराम भर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## आवेदन फाराम भर्ने विधि र आवश्यक कागजातहरु

१. कृषि तथा वन विज्ञान विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालयको Website https://exam.afu.edu.np मा प्रवेश गरेर Convocation २०२३ लेखिएको Button मा Click गरी मात्र Online दीक्षान्त आवेदन फाराम भर्न सकिनेछ । उक्त आवेदन फाराम आवेदक स्वयंले भरी Online बाट नै सोही Website मा Online मार्फत Submit गर्नु पर्नेछ । फाराम भर्ने प्रक्रियामा कुनै कठिनाई भएमा ९८५५०६५५२६-९८६३४३६९९२-९८४५१४४८९८ मा सम्पर्क गरी प्राविधिक सहयोग लिन सकिनेछ ।

२. Website Online आवेदन फाराम मिति २०७९।१२।०८ गते सम्म मात्र उपलब्ध हुनेछ । उक्त अवधि भित्र मात्र Internet सुविधा भएको कुनै पनि स्थानबाट कुनै पनि समयमा फाराम भर्न सक्ने समेत जानकारी गराइन्छ । मिति २०७९।१२।०८ गते राती १२:०० वजे पछि Online फाराम स्वत: वन्द हुनेछ ।

३. Online आवेदन फाराम भर्दा MRP साइजको फोटो, नागरिकताको प्रमाण पत्र र आफूले तह पार गरेको ट्रान्सक्रिप्ट Scan गरी अनिवार्य Upload गर्नु पर्नेछ ।

४. Online फाराम भरि सकेपछि Screen मा प्राप्त Certificate Collecton Card र Gaun Card अनिवार्य Print गरी सुरक्षित राख्नु पर्नेछ ।

५. दीक्षान्त समारोहमा सहभागी हुन चाहने विद्यार्थीहरुले निम्नानुसार शुल्क दाखिला गर्नु पर्नेछ ।

| तह | दीक्षान्त शूल्क/प्रमाण पत्र शुल्क (रु.) | गाउन/स्कार्फ/ह्याट धरौटी (रु.) | जम्मा (रु.) |
|---|---|---|---|
| (क) स्नातक | २,०००। | ५,०००। | ७,०००। |
| (ख) स्नातकोत्तर | २,५००। | ५,०००। | ७,५००। |
| (ग) विद्यावारिधि | ३,२००। | ५,०००। | ८,२००। |

६. उपरोक्त अनुसारको शुल्क eSewa मार्फत Online नै दाखिला गर्नु पर्नेछ । शुल्क दाखिला गरिसकेपछि अनिवार्य रुपमा Receipt तथा Transaction ID Print गरी सुरक्षित राख्नु पर्नेछ ।

७. दीक्षान्त समारोहमा २ (दुई) जना सम्म अभिभावक सरिक गराउन सकिनेछ । अभिभावक सरिक गराउने भएमा प्रति अभिभावक रु.५००। (फिर्ता नहुने गरी) का दरले शुल्क लाग्नेछ ।

८. दीक्षान्त समारोह सम्बन्धी विस्तृत कार्यक्रम पछि प्रकाशित गरिनेछ ।

**पुनश्च:**

१. धरौटी रकमबाट रु.१,०००। कट्टा गरी धरौटी रकम फिर्ता गरिनेछ ।

२. दीक्षान्त समारोह सुसम्पन्न भएको २ (दुई) बर्ष भित्र विद्यार्थीहरुले आ–आफ्नो मूल प्रमाण पत्र लिनु पर्नेछ अन्यथा तोकिएको शुल्क रकमको देब्बर शुल्क लाग्नेछ ।

परीक्षा नियन्त्रक